# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## प्रेस समाचार

# गभर्नर डा. युवराज खतिवडाद्वारा सियाञ्जा कार्यक्रममा सहभागिता

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा भुटानका गभर्नरको निमन्त्रणामा Monetary Policy and Reserves Management Under Exchange Rate Pegged Arrangement विषयक वार्ता प्रस्तुत गर्न थिम्पुमा




र बंगलादेशको ढाकामा भएको SEANZA Governors' Symposium कार्यक्रममा सहभागी हुन २०७१ भाद्र ११ गते त्यसतर्फ प्रस्थान गर्नुभई मिति २०७१ भाद्र १५ गते स्वदेश फिर्ता हुनुभयो ।

भुटानको केन्द्रिय बैंक Royal Monetary Authority of Bhutan ले थिम्पुमा आयोजना गरेको विशेष कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले Monetary and Foreign Exchange Reserves Management Under Fixed Exchange Rate Regime विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो वार्तामा गभर्नर डा. खतिवडाले निश्चित विनिमय दर मात्र प्रभावकारी मौद्रिक नीति कार्यान्वयन एक मात्र समस्या नरहेको र वित्तीय प्रणाली, मौद्रिक स्वायत्तता, अन्तर्राष्ट्रिय पूँजी प्रवाह, तथा मुद्रा प्रतिस्थापन (Currency Subsitution) जस्ता कारणले मौद्रिक नीतिको प्रभावकारितामा प्रभाव पार्ने कुरा बताउनु भयो । उहाँले नेपाल र भुटानले भा. रु. सँगको स्थिर विनिमय प्रणालीबाट आर्थिक वृद्धि तथा मूल्य स्थिरताको लाभ लिन सक्ने र खासगरी भारतबाट हुने व्यावसायिक लगानीलाई प्रवर्द्धन गर्न सक्ने बताउनु भयो । सो कार्यक्रममा भुटानको वित्तीय प्रणालीका प्रमुख पदाधिकारीहरू र सरकारी उच्च अधिकृतहरू समेतको उपस्थिति थियो ।

उक्त भ्रमणका अवसरमा भुटानी गभर्नरसँग द्विपक्षीय सहयोग सम्बन्धी वार्ता पनि भएको थियो । सो क्रममा आपसी व्यापार प्रवर्द्धन गर्नका लागि भुक्तानी र समाशोधन व्यवस्था गर्न नेपाल र भुटानका दुवै केन्द्रिय बैंकहरूले संयुक्त रूपमा पहल गर्ने र यसमा दुवै देशका वाणिज्य बैंकहरूलाई परिचालन गर्ने सहमति समेत भएको थियो ।

यसैगरी बंगलादेश बैंकद्वारा बंगलादेशको ढाकामा आयोजित SEANZA केन्द्रिय बैंकहरूको गोष्ठीमा गभर्नर डा. खतिवडाले Macroeconomic Environment and Financial Sector Stability विषयमा बंगलादेश बैंकका गभर्नरले प्रस्तुत




गर्नुभएको मुख्यवार्तामा प्रथम टिप्पणीकर्ताको रूपमा भागलिनु भएको थियो । उक्त कार्यपत्रमा टिप्पणी गर्दै गभर्नर डा. खतिवडाले (१) समष्टिगत आर्थिक स्वायित्वले वित्तीय स्थायित्वका लागि

आधार तयार गर्ने, तर आफैमा त्यस्तो स्थायित्वका लागि पर्याप्त नहुने, (२) सरकारी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको ठूलो उपस्थिति बीच व्यवसायिकता र सुशासनको समस्या रहन सक्ने, (३) बैंक तथा वित्तीय संस्थाका लागि नीति तय गर्ने र सुपरिवेक्षण गर्ने वा नियामक निकायहरू भिन्न भिन्न हुँदा वित्तीय स्थायित्व चुनौतीपूर्ण हुनसक्ने र (४) वित्तीय समावेशिताले वित्तीय स्थायित्वलाई टेवा पुऱ्याउने हुनाले यसलाई सामाजिक बैंकिङ सेवाको रूपमा मात्र हेर्न नहुने कुरा बताउनु भएको थियो ।

नेपाल सन् १९७१ मा SEANZA को सदस्य भएपछि एक पटक मात्र सन् १९८४ मा SEANZA Governors' Symposium को आयोजक रहेकोमा ३० वर्षपछि नेपाल राष्ट्र बैंक फेरि सन् २०१६ को Symposium को आयोजक रहने गरी बैठकमा निर्णय गरिएको थियो भने यो संगठनलाई अघि बढाउने विभिन्न उपायहरू बारे बैठकमा छलफल भएको थियो ।

**२०७१ भदौ १५ गते, आइतबार** **गभर्नरको कार्यालय**